नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

(प्रदेश नं. २ को प्रादेशिक प्रतिवेदन)

अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

२०७८

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

(प्रदेश नं. २ को प्रादेशिक प्रतिवेदन)

अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

२०७८

लेखक

राजेन्द्र अधिकारी
अनिल कुमार गुप्ता
डा. श्रीकृष्ण श्रेष्ठ

भाषा सम्पादक

उत्तम आचार्य

प्रतिलिपि अधिकार

अनुसन्धान तथा परामर्श सेवा विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

स्पष्टीकरण

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४/७५ शासकीय व्यवस्थाका विभिन्न पक्षहरुको बारेमा नागरिकहरुको विचार बुझ्न पहिलो पटक गरिएको हो । प्रस्तुत प्रतिवेदनमा व्यक्त गरिएका विचारहरु प्रतिष्ठानको अधिकारिक होइनन् ।

विस्तृत जानकारी

अनुसन्धान र विकास केन्द्र
अनुसन्धान र परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
फोन नं: ९७७-१-५५२२१६०, ५५२३५१७, ५५२००२
फ्याक्स: ९७७-१-५५२४९०६
इमेल: rcsd@nasc.org.np
URL: www.nasc.org.np

साभार गर्ने तरिका

अधिकारी राजेन्द्र, गुप्ता अनिल कुमार, श्रेष्ठ श्रीकृष्ण, २०७८, नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४/७४: प्रदेश नं. २ को प्रादेशिक प्रतिवेदन । जावलाखेल, ललितपुर: नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

हाम्रो भनाई

प्रस्तुत प्रतिवेदन नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०१७/१८ को तथ्याङ्कमा आधारित रही प्रदेश नं. २ को शासकीय स्वरूपको विश्लेषण गरिएको छ। यस प्रतिवेदनमा शासनका तीनवटा आयामहरु- शासनको जग, शासनको पूर्वाधार र सेवा प्रवाहलाई उत्तरदाताहरुको पृष्ठभूमि (लिंग, पालिका, उमेर, शिक्षा, जात/जातीयता, पेशा र आर्थिक अवस्था) का आधारमा विस्तृत रुपमा विश्लेषण गरिएको छ।

यो प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न व्यक्ति तथा संघ-संस्थाहरुबाट प्राप्त सहयोगप्रति हामी आभारी छौं। सर्वप्रथम यस प्रतिवेदन लेखनका लागि हामीलाई अवसर प्रदान गर्नुभएकोमा प्रतिष्ठानका कार्यकारी निर्देशक, उप-कार्यकारी निर्देशक, अनुसन्धान तथा परामर्श सेवा विभागका वरिष्ठ निर्देशक तथा सम्पूर्ण प्रतिष्ठान परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। सर्वेक्षणका लागि नेपाल सरकार र अन्य संघ-संस्था, तथ्याङ्क संकलनका समयमा खटिनुहुने गणकहरू, तथ्याङ्क संकलन कार्यलाई सहजीकरण र अनुगमन गर्ने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

यस प्रतिवेदनमा लेखन समूहले आफ्ना विश्लेषणात्मक विचारहरू व्यक्त गर्नुभन्दा पनि सर्वेक्षणको तथ्याङ्कले प्रस्तुत गरेका विषयवस्तुलाई व्याख्यात्मक स्वरूप प्रदान गरेको छ। यस प्रतिवेदन सम्पूर्ण पाठक वर्गलाई अध्ययनका लागि सहज र सरल होस् भन्ने चाहनाले सम्भव भएसम्म सरल शव्द र वाक्यांशहरू प्रयोग गरिएका छन्। यस प्रतिवेदनले कर्णाली प्रदेशको समग्र शासकीय स्वरूप र प्रक्रियामा त्यस प्रदेशका नागरिकको धारणा र अभिमतलाई प्रतिविम्वित गर्छ भन्ने विश्वास रहेको छ। यस प्रतिवेदन तयार गर्ने क्रममा त्रुटीहरू नहुन् भन्ने कुरामा हरसम्भव प्रयास गरेका छौं यद्यपि कुनै त्रुटी रहेमा त्यसको सम्पूर्ण जिम्मेवारी लेखक समूहकै हुनेछ। साथै आगामी दिनमा यसलाई अझ परिष्कृत गर्दै लैजाने कुरामा प्रतिवद्ध रहँदै सम्पूर्ण पाठक वर्गबाट रचनात्मक सुझाव र सल्लाहको हामी अपेक्षा गर्दछौं।

कार्यकारी सारांश

- यो प्रतिवेदन नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०१७/१८ मा आधारित छ । यो सर्वेक्षणमा राष्ट्रिय प्रतिनिधित्व हुने गरी सातैवटा प्रदेशको तथ्यांक संकलन गरिएको थियो तर यो अध्ययन प्रतिवेदन प्रदेश नं. २ मात्र केद्रित छ । यो अध्ययन प्रतिवेदन प्रदेश नं. २ का नागरिकहरुको शासनका तीनवटा आयामहरु (शासनको जग, शासनको पूर्वाधार र सेवा प्रवाहप्रति व्यक्त गरिएको धारणामा आधारित छ ।

- सर्वेक्षणमा महिलाको भन्दा पुरुष उत्तरदाताहरु ५ प्रतिशत बढी रहेको छ भने नगरपालिकाको भन्दा गाउँपालिकाको उत्तरदाताहरु १० प्रतिशत कम रहेका छन् । जातजाति अनुसार सबभन्दा बढी तराईजात (४५.७%), तराई जनजाति (२०.२%), दलित (१८%) र मुसलमान (१० %) उत्तरदाताहरु रहेका छन । सबै भन्दा कम नेवार (०.३%), पहाडी ठकुरी (०.६%), पहाडी ब्राह्मण संन्यासी (१.७%) र पहाडी जनजाति (३.०%) रहेका छन् । त्यसै गरी उमेर अनुसार सबभन्दा बढी २५-५९ उमेर समूहका (३५.१%) रहेका छन् भने सबभन्दा कम १८-२४ वर्ष उमेर समूहका (१०.४%) रहेका छन् । आधाभन्दा बढी (५२.१%) उत्तरदाताहरु निरक्षर रहेका छन् । पढन लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको (१०.७%), आधारभूत (१६.२%), माध्यमिक (१७.१%) र उच्च शिक्षा (३.२%) प्राप्त गरेका उत्तरदाताहरु रहेका छन् । सबभन्दा बढी घरायसी काम (३१.३%) र कृषि (२८.४%) पेशामा संलग्न उत्तरदाताहरु रहेका छन् । ज्यालादारी, वेरोजगार, सेवा क्षेत्र र व्यापारमा क्रमशः ११.७, १०.३, ७.६ र ७.३ प्रतिशत उत्तरदाताहरु रहेका छन् । आर्थिक अवस्था अनुसार, करिब आधा (४९.१%) उत्तरदाताहरुले आँफूलाई मध्यमस्तर बताएका छन् भने ४७.२% ले गरिव र ३.८ प्रतिशत धनी रहेका बताएका छन् ।

- निकै कम (५%) नागरिकहरुले आँफू बारम्बार रुपमा राजनैतिक दलको अभियान, ऱ्याली तथा आम सभामा सहभागी हुने गरेको बताएका छन् । धर्ना घेराउ जस्ता विरोध कार्यक्रममा १ प्रतिशत नागरिकहरुले मात्र बारम्बार रुपमा सहभागी हुने गरेका छन् । विद्यालयमा हुने अभिभावक शिक्षक वैठकमा (८%), सांस्कृतिक/जातीय/धार्मिक ऱ्याली/बैठकमा (६%), सामाजिक सञ्जाल अभियान (६%), वडा गाउको भेलामा (५%), उपभोक्ता समूहको वैठकमा (३%), स्थानीय तहको योजना बजेट बैठक (२%) नागरिकहरु बारम्बार रुपमा सहभागी हुने गरेका बताएका छन् ।

- नागरिकहरुको सहभागिता स्थानीय विकास योजनामा निकै कम देखिन्छ । महिलाहरुको भन्दा १३ प्रतिशत बढी पुरुषहरु स्थानीय विकास योजनामा सहभागी हुने गरेका छन् । गाउँपालिकाको भन्दा नगरपालिकामा ३ प्रतिशत बढी नागरिकहरुको सहभागी हुने गरेका छन् । शिक्षा र सहभागि हुनेबीच सकारात्मक सम्बन्ध देखिएको छ । शिक्षाको स्तर बढ्दै जाँदा सहभागी हुने नागरिकहरुको प्रतिशत पनि बढ्दै गएको देखिन्छ । आर्थिक स्तर बढ्दै जाँदा सहभागी हुने नागरिकहरुको प्रतिशत पनि बढ्दै गएको देखिन्छ ।

- सबभन्दा बढी नागरिकहरुले आर्मीलाई (५४%) अत्यन्त इमान्दार बताएका छन् । त्यसैगरी मिडिया (१७%), व्यापारी (१५%), अदालत (१३%), गैरसरकारी संस्था(१२%), नागरिक समाजका संगठनहरु (८%), उपभोक्ता समूह (७%) र प्रहरी (६%) अत्यन्त इमान्दार बताएका छन् ।

- सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने बताउने नागरिकहरु २१ प्रतिशत रहेका छन् । सोह्र प्रतिशत नागरिकहरुले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन बताएका छन । गाउँपालिकाको भन्दा ३.७ प्रतिशत बढी नगरपालिकाको नागरिकहरुले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भनि बताएका छन् । महिलाहरु (५४%) भन्दा बढी पुरुषहरुले (५७%) सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भन्ने बताएका छन् ।

- सार्वजनिक तथा सरकारी सेवा लिँदा १४.२ प्रतिशत नागरिकहरुले घुस दिनुपरेको उल्लेख गरेका छन् । महिलाहरुको भन्दा ५ प्रतिशत बढी पुरुषहरु र नगरपालिकाको भन्दा १.५ प्रतिशत गाउँपालिकाको नागरिकहरुले सार्वजनिक तथा सरकारी सेवा लिँदा घुस दिनुपरेको बताएका छन् । सबभन्दा कम ६० र सो भन्दामाथिका (९%) र सबभन्दा बढी ४०-४९ (१७%) उमेर समूहले घुस दिनुपरेका बताएका छन् । शिक्षाको स्तर बढदै जाँदा सार्वजनिक तथा सरकारी सेवा बापत घुस तिर्ने नागरिकहरुको प्रतिशत बढ्दै गएको देखिन्छ । सबभन्दा कम निरक्षर (१३%) र सबभन्दा बढी उच्च शिक्षा (२०%) प्राप्त गरेको नागरिकहरुले घुस तिरेको बताएका छन् । जातजाति अनुसार सबभन्दा बढी तराईजात (१६%) ले घुस तिरेको बताएका छन् ।

- आधा भन्दा बढी (६१%) नागरिकहरुले सार्वजनिक सुनवाईको बारेमा न त सुनेका छन न त देखेका छन् । सार्वजनिक सुनवाईको बारेमा २३.७ प्रतिशतले सुनेको/देखेको बताएका छन् । सामाजिक परीक्षणका बारेमा ६५.४ प्रतिशत नागरिकहरुले सुनेका/देखेका छन् । परियोजना सम्बन्धी जानकारीमूलक वोर्डको बारेमा १९.९ प्रतिशतले मात्र सुनेको/देखेका छन् ।

- बाढी/पहिरो/भूकम्प जस्ता अन्य बिपद्पछिको सुरक्षा तथा सहयोगमा सरकारले समान रुपमा सेवा तथा सुविधा उपलब्ध गराउँछ भन्नेमा ४१.८ प्रतिशत नागरिकहरु पूर्ण तथा केही मात्रामा सहमत जनाएको देखिन्छ । त्यसैगरी निशुल्क विद्यालय शिक्षा (९२%), सामाजिक सुरक्षा (बृद्ध तथा अपाङ्ग भत्ता) (८७%), निशुल्क आधारभूत स्वास्थ्य सेवा (८६%) र आधारभूत सेवाहरु (खानेपानी र विद्युत) (७५%) समान रुपमा उपलब्ध गराउनेमा पूर्ण तथा केही मात्रमा सहमत रहेका देखिन्छन् ।

- सरकारी कार्यालयमा धेरै मात्रामा विभेद हुने बताउने नागरिकहरु २१.५ प्रतिशत रहेका छन् । त्यसैगरी प्रहरी कार्यालयमा, छर/छिमेक/गाउँटोलमा, दलितमाथि, सरकारी सार्वजनिक स्थान, महिला केटाकेटीहरु र शारीरिक अपांगता भएका व्यक्तिहरुमाथि विभेद भएको बताउँने नागरिकहरु क्रमशः १८, १०, ९, ८, ५ र ३ प्रतिशत रहेका छन् ।

- करिव तीस प्रतिशत नागरिकहरुले आर्थिक आधारमा विभेद हुने गरेको बताएका छन् । त्यसैगरी राजनीतिक आबद्धताका आधारमा (२४%), जातिका आधारमा (२३%), क्षेत्रीय आधारमा (१९%), लैङ्गिक आधारमा (१५%), भाषाका आधारमा (११%), भूगोल/वासस्थानका आधारमा (८%) नागरिकहरुले बारम्बार तथा कहिलेकही विभेद हुने गरेको बताएका छन् ।

- प्रतिनिधि सभा र प्रदेश सभाको चुनावमा मतदान नगरेका (६%) भन्दा मतदान गरेका (९४%) नागरिकहरु अत्यधिक देखिन्छन् । पुरुषहरुको (९२%) भन्दा बढी महिलाहरुले (९७%) मतदान गरेका देखिन्छन् । सबभन्दा कम १८-२४ वर्ष (८४%) र सबभन्दा बढी ६० र सो भन्दामाथि (९७%) उमेरसमूहका नागरिकहरुले मतदान गरेको देखिन्छ । शिक्षाको अवस्था बढ्दै जाँदा मतदान गर्ने नागरिकहरुको प्रतिशत कम हुदै गएको देखिन्छ । पेशा अनुसार सबभन्दा बढी कृषि पेशामा (९८%) र सबभन्दा कम सेवा क्षेत्रमा (७५%) संलग्न नागरिकहरुले मतदान गरेको देखिन्छ । आर्थिक अवस्था बढ्दै जाँदा प्रतिनिधि सभा र प्रदेश सभाको चुनावमा मतदान गर्ने नागरिकहरुको प्रतिशत घट्दै गएको देखिन्छ ।

- प्रतिनिधि सभा र प्रदेश सभाको चुनावमा ९५ प्रतिशत नागरिकहरुले एकपटक भन्दा बढी मतदान गरेको सुनेको/देखेको घटना नभएको बताएका छन् । मतदान सूचीमा नाम नभएकोले १३ प्रतिशत नागरिकहरुले मतदान नगरिकन फर्केका बताएका छन् । कुनै दल वा उम्मेदवार विशेषका लागि मतदान गर्न कसैलाई दवाव दिएको देखेको/सुनेका नागरिकहरु १ प्रतिशत रहेका छन् ।

- मतदानमा मतपत्र बुझ्नलाई सजिलो थियो भन्ने पक्षमा ९६ प्रतिशत नागरिकहरुले पूर्ण सहमति जनाएका छन् । मतदान गर्ने सुविधा सहज थियो भन्ने पक्षमा ९५ प्रतिशत नागरिकहरु पूर्ण सहमत रहेको देखिन्छ । मतदान गणना पूर्णरुपमा निष्पक्ष थियो भन्ने नागरिकहरु ७९ प्रतिशत रहेका देखिन्छन् । सञ्चारको माध्यमले सबै उम्मेदवारको बारेमा निष्पक्ष सूचना दिएको भन्नेमा ६५ प्रतिशत नागरिकहरु पूर्ण सहमत रहेका छन् । आँफूले चाहेको उम्मेदवार छनौट गर्न कुनै अवरोध थिएन भन्ने पक्षमा ९३ प्रतिशत नागरिकहरु पूर्ण सहमति जनाएका छन् ।

- आधा भन्दा कम (४४%) नागरिकहरुले मात्र नेपालको संविधानको बारेमा सुनेका बताएका छन् । तुलनात्मक रुपमा गाउँपलिकाको (४४%) भन्दा नगरपालिकाको (४५%) नागरिकहरु बढी संविधानको बारेमा सुनेका बताएका छन् । त्यस्तैगरी महिलाहरु (२९%) भन्दा पुरुषहरु (५९%) दोब्बर प्रतिशतले नै संविधानको बारेमा सुनेको देखिन्छ । उमेर समूह अनुसार सबभन्दा बढी १८-२४ (६३%) र सबभन्दा कम २५-३९ (४१%) उमेर समूहका नागरिकहरुले सुनेको देखिन्छ । शिक्षाका स्तर बढ्दै जादा संविधानको बारेमा सुनेको नागरिकहरुको प्रतिशत बढ्दै गएको देखिन्छ ।

- सबभन्दा बढी (६४%) सडक निर्माण कार्यलाई विकासको पहिलो प्राथमिकतामा राखेको देखिन्छ। त्यसैगरी शिक्षामा सुधार (११%), गरिवी निवारण (८%), जलविद्युतको विकास (५%), रोजगारीको सृजना (४%), खानेपानीको वितरण (३%), स्वास्थ्यमा सुधार (२%), सामाजिक सुरक्षा (१%), वातावरण संरक्षण (१%) र भ्रष्टाचार नियन्त्रणलाई (०.८%) विकासको पहिलो प्राथमिकतामा राखेको देखिन्छ । दोश्रो प्राथमिकतामा सबभन्दा बढी शिक्षामा सुधार (२८%), सडक निर्माण (१८%) र जलविद्युत विकासलाई (१३%) राखेको देखिन्छ ।

- त्रिहत्तर प्रतिशत नागरिकहरुले स्थानीय सरकारले सार्वजनिक सेवा सुधार गर्नेमा पूर्ण तथा केही मात्रामा विश्वस्त रहेको बताएका छन् । त्यसैगरी स्थानीय सरकारले सामाजिक समावेशीतालाई प्रवर्द्धन गर्ने पक्षमा ७१ प्रतिशत, स्थानीय सरकारले नागरिकको अधिकार संरक्षण गर्ने पक्षमा ७३ प्रतिशत र स्थानीय सरकारले योजना निर्माण तथा विकास निर्माण प्रक्रियामा नागरिकहरुको सहभागिता सुनिश्चिता गर्नेमा ७२ प्रतिशत नागरिकहरु पूर्ण तथा केही मात्रामा विश्वस्त रहेका छन् ।

- करिव ११ प्रतिशत नागरिकहरुले स्थानीय तहको निर्वाचित प्रतिनिधिहरुले शासन प्रणालीमा उल्लेखनीय सुधार गर्नेमा सहमत जनाएका छन् । गाउँपालिकाको भन्दा नगरपालिकाको ३ प्रतिशत बढि नागरिकहरु स्थानिय तहले उल्लेखनीय सुधार गर्ने बताएका छन् ।

- राजनैतिक दलका क्रियाकलापको बारेमा जानकारी भएको नागरिकहरुको (२४%) भन्दा जानकारी नभएको (७५%) नागरिकहरु बढी छन् । गाउँपलिकाको भन्दा ८ प्रतिशत बढी नगरपालिकाको नागरिकहरु राजनैतिक दलका क्रियाकलापको बारेमा जानकार छन् । महिलाहरुको भन्दा करिव २१ प्रतिशत बढी पुरुषहरु जानकार छन् । उमेर समूह अनुसार सबभन्दा बढी १८-२४ (२८%) र सबभन्दा कम ६० र सो भन्दामाथि (२१%) उमेर समूहका जानकार छन् । शिक्षाको स्तर बढ्दै जाँदा राजनैतिक दलको क्रियाकलापको जानकारी भएको नागरिकहरुको प्रतिशत पनि बढ्दै गएको देखिन्छ। सबभन्दा कम निरक्षर (१५%) र सबभन्दा बढी उच्च शिक्षा (६८%) प्राप्त भएको नागरिकहरु जानकार छन् । पेशा अनुसार सबभन्दा बढी सेवा क्षेत्रमा (५२%) र सबभन्दा कम घरायसी काम गर्ने (११%) नागरिकहरु जानकार छन् । आर्थिक अवस्था र राजनैतिक दलको क्रियाकलापको ज्ञानबीच सकरात्मक सम्बन्ध देखिएको छ ।

- सबभन्दा बढी (८१%) विकास निर्माण कार्यमा र सबभन्दा कम भ्रष्टाचार नियन्त्रणमा (५८%) नागरिकहरुले सुधार आउने कुरामा पूर्ण तथा केही मात्रमा विश्वस्त रहेको बताएका छन् । त्यसैगरी सार्वजनिक सेवामा (७७%), देशमा समावेशी संस्कृतिको प्रवर्द्धन (७५%), तीन तहको (संघीय) सरकारको संरचनाको कार्यान्वयन (७४%) र कानूनको पालना (७३%) मा सुधार आउने कुरामा नागरिकहरुले पूर्ण तथा केही मात्रमा विश्वस्त छन् ।

- सबभन्दा बढी (३५%) नागरिकहरुले उम्मेदवारहरुको छनौट पहिलेको कार्य सम्पादनका आधारमा र सबभन्दा कम (७%) पार्टीलाई चन्दा दिएको आधारमा हुने गरेको बताएका छन् । त्यसैगरी पार्टीमा वरिष्ठताको अधारमा (१५%), स्थानीय समितिहरुको सुझावको आधारमा (११%) र ठूला नेताको पारिवारिक नाता र सम्बन्धको आधारमा (९%) राजनैतिक दलको उम्मेदवारको छनौट हुने बताएका छन् ।

- साठी प्रतिशत नागरिकहरुले नागरिकको चासोका विषयहरुमा सरकारले नियमित रूपमा तथा कहिलेकांही संचार गराउँछ भनि बताएका छन् । गाउँपलिकाको भन्दा ६ प्रतिशत बढी नगरपालिकाको नागरिकहरुले नागरिक चासोका विषयहरुमा सरकारले नियमित रूपमा तथा कहिलेकांही संचार गराउँछ भनि बताएका छन् । महिलाहरुको भन्दा १३ प्रतिशत बढी पुरुषहरुले नागरिक चासोका विषयहरुमा सरकारले नियमित रूपमा तथा कहिलेकांही संचार गराउँछ भनि बताएका छन् ।

- सरकारले दिएको सूचना स्पष्ट रुपमा तथा केही मात्रामा बुझ्ने नागरिकहरु ८४ प्रतिशत रहेका छन् । लगभग उत्तिनै (३२%) नगरपालिका र गाउँपालिकाको नागरिकहरुले सूचना स्पष्ट रुपमा तथा केही मात्रामा बुझ्ने बताएका छन् । महिलाहरुको भन्दा १५ प्रतिशत बढी पुरुषहरुले सूचनाहरु स्पष्ट रुपमा तथा केही मात्रामा बुझ्ने बताएका छन् ।

- वृद्ध/अपाङ्ग/विधवा आदिका लागि सरकारी कल्याण योजना/सामाजिक सुरक्षामा सुधार आएको बताउने नागरिकहरु ८७ प्रतिशत रहका छन् । उपभोक्ताको अधिकारको अवस्थामा सुधार आउने बताउने नागरिकहरु ५३ प्रतिशत रहेका छन् । त्यसैगरी निजी सम्पत्तिको सुरक्षाको अनुभूति, आफ्नै जीवनको सुरक्षाको अनुभूति, खाद्य सुरक्षा र पहिरो/बाढी र विपद् बाट संरक्षणमा सुधार आएको बताउने नागरिक क्रमशः ८४, ८१, ६१ र ५४ प्रतिशत रहेका छन् ।

- सबभन्दा बढी (६८%) नागरिकहरुले आपद्-विपद् परेको बेलामा टोल/छिमेक/साथीहरूलाई पहिलो प्राथमिकतामा राखेको देखिन्छ । त्यसैगरी स्थानीय निर्वाचित प्रतिनिधि (१२%), प्रहरी (१२%), स्थानीय/सामुदायिक अगुवाहरू (५%) र सरकारी कर्मचारी/कार्यालय (२%) नागरिकहरुले आपद्-विपद् परेको बेलामा पहिलो प्राथमिकतामा राखेको देखिन्छ । दोस्रो प्राथमिकतामा सबभन्दा बढी (७४%) प्रहरीलाई राखेको देखिन्छ ।

- सार्वजनिक सेवा लिन जाँदा कसैको सहयोग नलिएको नागरिकहरु ६२ प्रतिशत रहेको देखिन्छ । परिवारको सदस्य/नातेदार/छिमेकी/साथीको सहयोग लिने नागरिक २७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी बिचौलिया, सरकारी कर्मचारी र राजनीतिक पार्टी सदस्यको सहयोग लिने गरेको बताएका नागरिकहरु क्रमशः ७, ३ र १ प्रतिशत रहेको देखिन्छ ।

- करिव चौंसठ्ठी प्रतिशत नागरिकहरुले प्रथम पटक मै सेवा प्राप्त गर्ने गरेको बताएका छन् भने २४ प्रतिशत नागरिकहरुले २-३ पटकको प्रयासमा सेवा प्राप्त गर्ने गरेको बताएका छन् । ४ र सो भन्दा बढी पटकमा सार्वजनिक सेवा प्राप्त गर्ने नागरिकहरु १३ प्रतिशत रहेका छन् ।
- सबभन्दा बढी (८५%) सेवाग्राहीहरुले सार्वजनिक सेवामा आफनो मान्छे नहुँदा सेवालिन अवरोध हुन्छ भन्ने पक्षमा पूर्ण तथा केही मात्रामा सहमत जनाएका छन् भने सबभन्दा कम भाषा (५१%) र जातीयता (५२%) को कारणले गर्दा सेवा लिन अवरोध गर्छ भन्ने पक्षमा पूर्ण तथा केही मात्रामा सहमत जनाएका छन् । त्यसैगरी सरकारी कर्मचारीको व्यवहार (८१%), विचौलियाको उपस्थिति (७८%), शारीरिक अशक्तता (६९%), दुरी र असहज भौगोलिक अवस्थिति (६४%) र सेवाग्राही महिला वा पुरुष हुनु (६४%) ले सेवा लिन अवरोध हुने पक्षमा पूर्ण तथा केही मात्रामा सहमत जनाएका छन् ।
- सबभन्दा बढी (८३%) नागरिकहरुले सरकारी विद्यालयमा आफ्ना बालबालिकाको भर्ना गर्न अत्यन्त सहज तथा सहज बताएका छन् भने सबभन्दा कम (२७%) नागरिकहरुले खानेपानी धारा जडान गर्न अत्यन्त सहज तथा सहज बताएका छन् । त्यसैगरी पञ्जिकरण गर्न (७१%), नजिकको सरकारी अस्पतालमा वा स्वास्थ्य संस्थामा उपचार गर्न (६८%), नागरिकता लिन (५४%), विद्युत जडान गर्न (४२%) र जग्गा पास गर्न र रेकर्ड प्राप्त गर्न (४१%) अत्यन्त सहज तथा सहज बताएका छन् ।
- सार्वजनिक सेवाबाट पूर्ण तथा केही सन्तुष्ट रहेको नागरिकहरु ६६ प्रतिशत रहेका छन् । गाउँपालिकाको (६३%) भन्दा नगरपालिकाको (६९%) नागरिकहरुले सार्वजनिक सेवाबाट पूर्ण तथा केही सन्तुष्ट रहेको बताएका छन् । महिलाहरु भन्दा ४ प्रतिशत बढी पुरुषहरु सार्वजनिक सेवाबाट पूर्ण तथा केही सन्तुष्ट रहेको बताएका छन् । जाति अनुसार सबभन्दा बढी पहाडी ब्राहमण सन्यासी (८३%) र सबभन्दा कम दलित (५६%) नागरिकहरुले सार्वजनिक सेवाबाट पूर्ण तथा केही सन्तुष्ट रहेको बताएका छन् । पेशा अनुसार सबभन्दा बढी ज्यालादारी (७३%) र सबभन्दा कम बेरोजगार (७१%) नागरिकहरुले सार्वजनिक सेवाबाट पूर्ण तथा केही सन्तुष्ट रहेको बताएका छन् ।
- देश सही दिशातिर गराइरहेको बताउने नागरिकहरुको भन्दा देश गलत दिशातिर गइरहेको बताउने नागरिकहरु ४७ प्रतिशतले बढी रहेको देखिन्छ । महिलाहरुको भन्दा २ प्रतिशत बढी पुरुषहरुले देश सही दिशातिर गराइरहेको बताएको छन् । शैक्षिक अवस्थाको अनुसार सबभन्दा कम उच्च शिक्षा (६६%) र सबभन्दा बढी आधारभूत शिक्षा (७५%) प्राप्त गरेको नागरिकहरुले देश सही दिशातिर गराइरहेको बताएका छन् ।
- सबभन्दा बढी (८३%) नागरिकहरुले आफ्नो जीवनस्तर सुधार हुने बताएका छन् । त्यसैगरी नेपालको बर्तमान आर्थिक अवस्था (८०%), सरकारमाथि नागरिकको विश्वास (७४%), नेपालको राजनीतिक अवस्था (७२%) सुधार हुने बताएका छन् ।

विषय सूचि

परिच्छेद् १

परिचय, प्रदेशको संक्षिप्त जानकारी तथा सर्वेक्षणको विधि १

१.१ पृष्ठभूमि १
१.२ अध्ययन बिधि १
१.३ उत्तरदाताको परिचय २
१.४ प्रदेश नं. २ को परिचय २
१.५ प्रतिवेदनको संरचना ३

परिच्छेद् २

शासनको आधारशिला ४

२.१ सार्वजनिक क्रियाकलापमा सहभागिता ४
२.२ स्थानीय विकास योजनामा सहभागी र छलफल ५
२.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरुको इमान्दारीता ५
२.४ भ्रष्टाचार नियन्त्रण ६
२.५ सार्वजनिक तथा सरकारी सेवामा भ्रष्टाचार ७
२.६ जवाफदेहिताको संयन्त्र ७
२.७ सेवामा पहुँच ८
२.८ सार्वजनिक स्थलमा हुने विभेद ९
२.९ विभेदको अनुभव १०
२.१० सार्वजनिक संस्थाहरुको व्यवहारमा आएको सुधार १०
२.११ सुरक्षाको अनुभव ११

परिच्छेद् ३

शासनको पूर्वाधार १३

३.१ मतदानमा सहभागिता १३
३.२ चुनावको गुणस्तरीयता १३
३.३ संविधानको बारेमा ज्ञान १५
३.४ राज्य शक्तिको बाँडफाँट १५
३.५ विकासको प्राथमिकता १६
३.६ स्थानीय सरकारको कार्यसम्पादन १७
३.७ स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरुले शासन प्रणालीमा गर्ने सुधार १७
३.८ राजनैतिक दलका क्रियाकलाप वारेजानकारी १८
३.९ राजनैतिक दलको क्रियाकलापप्रति विश्वास १८

३.१० राजनैतिक दलको उम्मेदवारको छनौट १९
३.११ नागरिक चासोका विषयहरुमा सञ्चार २०
३.१२ सरकारले दिएको सूचनाको स्पष्टता २०
३.१३ आधारभूत सामाजिक सुरक्षा २१
३.१४ सुरक्षाको अवस्थामा सुधार २२
३.१५ मद्दतको लागि कसकोमा जानुहुन्छ ? २३

परिच्छेद् ४
सार्वजनिक सेवा प्रवाह २४
४.१ सार्वजनिक सेवाको उपयोग २४
४.२ सार्वजनिक सेवा लिन जाँदाको सहयोग २४
४.३ सार्वजनिक सेवा प्राप्तिको प्रयास (पटक) २५
४.४ सार्वजनिक सेवा प्रदायकको व्यवहार २६
४.५ सार्वजनिक सेवालिदाको अवरोध २७
४.६ सार्वजनिक सेवालिदाको सहजता २७
४.७ सार्वजनिक सेवाको बातावरण २८
४.८ सार्वजनिक सेवा प्राप्तिको सन्तुष्टी २९

परिच्छेद् ५
देशको आगामी दिशा ३१
५.१ देशको आगामी दिशा ३१
५.२ देशको आगामी अवस्थामा सुधार ३२

संदर्भसमग्री ३३
अनुसूची ३३

तालिका सूची

तालिका १.१: उत्तरदाताको सामाजिक जनसांख्यिक विवरण ३३
तालिका २.१: स्थानीय विकास योजनामा सहभागिता र छलफल ३४
तालिका २.२: भ्रष्टाचार नियन्त्रण ३६
तालिका ३.१: मतदानमा सहभागिता ३८
तालिका ३.२: संविधानको बारेमा ज्ञान ३९
तालिका ३.३: स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरुले शासन प्रणालीमा गर्ने सुधार ४१
तालिका ३.४: राजनैतिक दलका क्रियाकलाप वारे जानकारी ४२
तालिका ३.५: नागरिक चासोका विषयहरुको सञ्चार ४४
तालिका ३.६: सरकारले दिएको सूचनाको स्पष्टता ४५

तालिका ४.१: सेवा प्राप्तिको सन्तुष्टी ४७
तालिका ४.२: देशको आगामि दिशा ४९

चित्र सूची

चित्र २.१ सार्वजनिक क्रियाकलापमा नागरिकहरुको सहभागिता ४
चित्र २.२ सार्वजनिक तथा राजनैतिक संस्थाहरुको इमान्दारीता ६
चित्र २.३ जवाफदेहिताको संयन्त्र ८
चित्र २.४ सेवाहरुमा जनताको पहुँच ९
चित्र २.५ सार्वजनिक स्थलमा हुने विभेद ९
चित्र २.६ नागरिकहरुमा विभेदको अनुभव १०
चित्र २.७ सार्वजनिक संस्थाहरुको व्यवहारमा आएको सुधार ११
चित्र २.८ नागरिकहरुको सुरक्षाको अनुभव १२
चित्र ३.१ प्रतिनिधि सभा र प्रदेश सभा चुनावको गुणस्तरीयता १४
चित्र ३.२ प्रतिनिधि सभा र प्रदेश सभा चुनावको गुणस्तरीयता १४
चित्र ३.३ राज्य शक्तिको बाँडफाँट १६
चित्र ३.४ विकासमा नागरिकको प्राथमिकता १६
चित्र ३.५ स्थानीय सरकारको कार्यसम्पादन १७
चित्र ३.६ राजनीतिक दलले गर्ने कार्यमा विश्वास १९
चित्र ३.७ राजनैतिक दलको उम्मेदवारको छनौट १९
चित्र ३.८ आधारभूत सामाजिक सुरक्षा २२
चित्र ३.९ सुरक्षाको अवस्थामा सुधार २३
चित्र ३.१० विपदमा नागरिकहरुले प्राथमिकता २३
चित्र ४.१ सार्वजनिक सेवा उपयोग २४
चित्र ४.२ सार्वजनिक सेवा लिन जाँदाको सहयोग २५
चित्र ४.३ सार्वजनिक सेवा प्राप्तिको प्रयास (पटक) २५
चित्र ४.४ सार्वजनिक सेवा प्रदायकको व्यवहार २६
चित्र ४.५ सार्वजनिक सेवा लिदाको अवरोध २७
चित्र ४.६ सार्वजनिक सेवा लिदाको सहजता २८
चित्र ४.७ सार्वजनिक सेवाको बातावरण २९
चित्र ५.१ देशको आगामी दिशा ३१
चित्र ५.२ देशको आगामी अवस्थामा सुधार ३२

परिच्छेद् १

परिचय, प्रदेशको संक्षिप्त जानकारी तथा सर्वेक्षणको विधि

१.१ पृष्ठभूमि

यो प्रतिवेदन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सम्पन्न गरेको नेपालको राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को नतिजामा आधारित छ । नयाँ संबिधान २०७२ लागू भएसंगै नेपालको संघीय संरचना र शासकीय पद्धतिमा आएको परिवर्तनले नागरिकहरुमा प्रशासन र राज्य प्रतिको अपेक्षा बढाएको छ । त्यसै सन्दर्भमा शासकीय प्रणालीका विभिन्न आयामहरुमा नागरिकहरुको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ सम्पन्न गरिएको थियो । यो प्रतिवेदनमा उक्त राष्ट्रिय सर्वेक्षणको तथ्यांकमा आधारित रहेर शासकीय व्यवस्थाका विभिन्न पक्षहरूमा प्रदेश नं. २ का नागरिकहरुको धारणा विश्लेषण गरिएको छ । सर्वेक्षणका उद्देश्यहरु निम्न बमोजिम रहेको थियो ।

क) शासकीय प्रणालीका विभिन्न आयामहरुको वर्तमान स्थितिप्रति नागरिकहरुको धारणा बुझ्ने ।

ख) नीति निर्माण र शासकीय प्रणाली पुनर्संरचनाको लागि संघ, प्रदेश र स्थानीय सरकारलाई तथ्यमा आधारित आधार तयार गर्ने ।

ग) सार्वजनिक प्रशासनको क्षमता विकास र शैक्षिक अध्ययन र अनुसन्धानको लागि सन्दर्भ सामाग्रीको विकास गर्ने ।

१.२ अध्ययन बिधि

नेपालको संविधान २०७२ जारी भएसँगै नेपाल नँया शासकीय प्रणालीमा प्रवेश गर्यो । यो ऐतिहासिक परिवर्तनले नेपाली राज्य संरचनालाई एकात्मक केन्द्रिकृत राज्यबाट संघीय गणतन्त्रमा रुपान्तरण गरेको छ । राज्य रुपान्तरणको ऐतिहासिक क्रममा नेपालको शासकीय प्रणालीका विभिन्न आयामहरुमा नागरिकहरुको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ गरिएको थियो । सर्वेक्षणमा देशभरीबाट जम्मा १२८७२ नागरिकहरुसँग अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्न जिल्ला, नगरपालिका/गाउँपालिका, मतदानकेन्द्र तथा व्यक्ति गरी कुल चार तहमा नमूना छनौट गरिएको थियो । २०७४ मा सम्पन्न भएको स्थानीय, प्रदेश र संघको निर्वाचनको लागि निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीबाट वैज्ञानिक विधि प्रयोग गरी उत्तरदाताहरु छानिएका थिए । सात वटा प्रदेश र भौगोलिक क्षेत्र (हिमाल, पहाड र तराई) को आधारमा ७७ वटा जिल्लामध्ये ४३ जिल्ला छनौट भएका थिए । ती जिल्लाहरूबाट ८८ नगरपालिका र ७५ गाँउपालिका गरी १६४ स्थानीय तहहरु छानिएको थियो । यसैगरी नगरपालिकाहरुबाट ३०० र गाँउपालिकाहरुबाट ३४६ गरी जम्मा ६४६ मतदान केन्द्रहरु छानिएको थियो । प्रत्येक मतदान केन्द्रबाट २० जना मतदाताहरुलाई मुख्य उत्तरदाता र १० जना वैकल्पिक

उत्तरदाता छानिएको थियो । प्रदेश नं. २ मा नगरपालिकाहरुबाट ११९८ र गाँउपालिकाहरुबाट ९६० गरी जम्मा २१५८ नागरिकहरूसँग अन्तर्वार्ता गरी तथ्याङ्क संकलन गरिएको थियो । सर्वेक्षणको प्रश्नावली केन्द्रीय तथ्याङ्क विभाग, सरकारी प्रतिनिधि, गैरसरकारी संस्था, नागरिक समाज, अनुसन्धान संस्थाहरु, प्राज्ञिक व्यक्ति र अन्य सरोकारवालाहरूसँगको छलफल/अन्तरक्रिया र बिषय विज्ञको सहयोगबाट तयार गरिएको थियो । प्रश्नावलीलाई विभिन्न चरणको परीक्षण र पुनरावलोकन गरी KoboCollect तथ्याङ्क संकलन सफ्टवेयरमा प्रविष्ट गरिएको थियो । तथ्याङ्क संकलनको लागि स्थलगत कार्य गर्न जम्मा १७ क्लस्टर (प्रत्येकमा २ देखि ४ जिल्ला) बनाइ हरेकमा ३ देखि ५ तथ्याङ्क संकलन कर्ता खटाइएको थियो । तथ्यांक संकलनको कार्य २०७४ पुस देखि फागुनसम्म गरिएको थियो । संकलन गरिएको तथ्यांकलाई विषय विज्ञहरुले परीक्षण गरेका थिए भने केन्द्रीय तथ्याङ्क विभागको परामर्शमा आवश्यक सम्पादन गरिएको थियो ।

१.३ उत्तरदाताको परिचय

महिलाको भन्दा पुरुष उत्तरदाताहरु ५ प्रतिशत बढी रहेका छन् भने नगरपालिकाको भन्दा गाउँपालिकाको उत्तरदाताहरु १० प्रतिशत कम रहेका छन् । जातजाति अनुसार सबभन्दा बढी तराईजात (४५.७%), तराई जनजाति (२०.२%), दलित (१८%) र मुसलमान (१०%) उत्तरदाताहरु रहेका छन । सबैभन्दा कम नेवार (०.३%), पहाडी ठकुरी (०.६%), पहाडी ब्राह्मण सन्यासी (१.७%) र पहाडी जनजाति (३.०%) रहेका छन् । त्यसैगरी उमेर अनुसार सबभन्दा बढी २५-५९ (३५.१%) र सबभन्दा कम १८-२४ वर्ष उमेर समूहका (१०.४%) रहेका छन् । आधा भन्दा बढी (५२.१%) उत्तरदाताहरु निरक्षर रहेका छन् । पढन लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको (१०.७%), आधारभूत (१६.२%), माध्यमिक (१७.१%) र उच्च शिक्षा (३.२%) प्राप्त गरेका उत्तरदाताहरु रहेका छन् । सबभन्दा बढी घरायसी काम (३१.३%) र कृषि (२८.४%) पेशामा संलग्न उत्तरदाताहरु रहेका छन् । ज्यालादारी, वेरोजगार, सेवा क्षेत्र र व्यापार क्रमशः ११.७ %, १०.३ %, ७.६% र ७.३% उत्तरदाताहरु रहेका छन् । आर्थिक अवस्था अनुसार, सबभन्दा बढी (४९.१%) उत्तरदाताहरुले आँफूलाई मध्यमस्तर बताएका छन् भने ४७.२% ले गरिवी र ३.८% धनी रहेका बताएका छन् (अनुसूची १: तालिका १.१) ।

१.४ प्रदेश नं. २ को परिचय

संघीय नेपालका सात प्रदेशहरूमध्ये प्रदेश नं. २ तराईका आठ जिल्लाहरु (पर्सा, बारा, रौतहट, सर्लाही, सिरहा, धनुषा, सप्तरी र महोत्तरी) समेटेर स्थापना गरिएको प्रदेश हो । कोशीनदीदेखि पश्चिम र मकवानपुर तथा चितवन पूर्वको तराई मधेसको भूमिमा यो प्रदेश फैलिएको छ । यस प्रदेशको सबै जिल्लाहरु भारतको सिमानासंग जोडिएका छन् । पूर्वपश्चिम राजमार्गको २४५ कि.मी. खण्ड यस प्रदेशमा पर्छ । जम्मा ९,६६१ वर्ग किलोमिटरमा फैलिएको यो प्रदेश सात प्रदेशहरूमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा सानो रहेतापनि जनघनत्व ५५९ प्रति वर्ग किलोमिटर रहेको छ, जुन राष्ट्रिय जनघनत्वको तुलनामा ३.१ गुणा बढी हुन आउँदछ । यस प्रदेशको राजधानी धनुषाको जनकपुर रहेको छ । राजनीतिक प्रतिनिधित्वको हिसाबले यो

प्रदेशमा ३२ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र, ६४ वटा प्रदेश सभा निर्वाचन क्षेत्र, ८ वटा जिल्ला, १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका रहेका छन् । प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यो प्रदेशमा मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयलगायत ७ मन्त्रालयहरू छन् ।

१.५ प्रतिवेदनको संरचना

यो अध्ययन प्रतिवेदनलाई ५ वटा परिच्छेद्मा विभाजन गरिएको छ। पहिलो परिच्छेद्मा पृष्ठभूमि, अध्ययनको उद्देश्य, अध्ययन बिधि, उत्तरदाताको परिचय, प्रदेशको परिचय र प्रतिवेदनको संरचना समेटिएको छ। दोश्रो, तेस्रो, चौथो र पाचौ परिच्छेद्मा परिच्छेद्मा क्रमशः शासनको आधारशिला, शासनको पूर्वाधार, सार्वजनिक सेवा प्रवाह र देशको आगामी दिशा समेटिएको छ ।

परिच्छेद्

२

शासनको आधारशिला

२.१ सार्वजनिक क्रियाकलापमा सहभागिता

चित्र २.१ मा नागरिकहरुको सार्वजनिक क्रियाकलापमा सहभागितालाई देखाइएको छ । निकै कम (५%) नागरिकहरुको आँफू वारम्वार रुपमा राजनैतिक दलको अभिमान, ऱ्याली तथा आम सभामा सहभागी हुने गरेको बताएका छन् । धर्ना घेराउ जस्ता विरोध कार्यक्रममा १ प्रतिशत नागरिकहरु मात्र बारम्बार रुपमा सहभागी हुने गरेको बताएका छन् । विद्यालयमा हुने अभिभावक शैक्षिक वैठकमा (८%), सांस्कृतिक/जातीय/धार्मिक ऱ्याली बैठकमा (६%), सामाजिक सञ्जाल अभियान (६%), वडा गाउँको भेलामा (५%), उपभोक्ता समूहको वैठकमा (३%), स्थानीय तहको योजना बजेट बैठक (२%) नागरिकहरु बारम्बार रुपमा सहभागी हुने गरेको बताएका छन् । तीन तिहाइ भन्दा बढी नागरिकहरु यी सार्वजनिक क्रियाकलमापमा कहिल्यै सहभागी नभएको बताएका छन् ।

चित्र २.१ सार्वजनिक क्रियाकलापमा नागरिकहरुको सहभागिता (संख्या=२१५८, % मा)



नोटः चित्रमा विरलै सहभागी हुन्छु, कहिल्यै सहभागी हुन्न र थाहा छैन/भन्न सक्दिन समावेश गरिएको छैन ।

२.२ स्थानीय विकास योजनामा सहभागी र छलफल

समय समयमा राज्य र नागरिक समाज जस्ता संस्थाहरुबाट नागरिकहरुको स्थानीय विकास योजनामा सहभागी र छलफल गराउन विभिन्न प्रयासहरु गर्दै आइरहेका छन् । तर पनि नागरिकहरुको सहभागिता स्थानीय विकास योजनामा निकै कम देखिन्छ । प्रदेश नं. २ मा महिलाहरुको भन्दा १३ प्रतिशत बढी पुरुषहरु स्थानीय विकास योजनामा सहभागी हुने गरेका छन् । गाउँपालिकाको भन्दा नगरपालिकाको ३

प्रतिशत बढी नागरिकहरुको सहभागी हुने गरेका छन् । सबभन्दा बढी ४०-४९ (१२%) र सबभन्दा कम ६० र सो भन्दामाथि (९%) उमेर समूहका नागरिकहरु सहभागी हुने गरेका छन् । शिक्षा र सहभागिताबीच सकारामत्मक सम्बन्ध देखिएको छ । शिक्षाको स्तर बढ्दै जाँदा सहभागी हुने नागरिकहरुको प्रतिशत पनि बढ्दै गएको देखिन्छ । निरक्षर ५ प्रतिशत र उच्च शिक्षा प्राप्त गरेका २८ प्रतिशत नागरिकहरु सहभागी हुने गरेका छन् । जातजाति अनुसार सबभन्दा बढी पहाडे, क्षेत्री र ठकुरी (२९%) नागरिकहरु सहभागी हुने गरेका छन् । त्यसैगरी मुसलमान (९%) र दलित (९%) सहभागी हुने गरेका छन् । पेशाका अनुसार सबभन्दा बढी सेवा क्षेत्र (३२%) र सबभन्दा कम घरायसी काम (३%) गर्ने नागरिकहरु सहभागी हुने गरेका छन् । आर्थिक स्तर बढ्दै जाँदा सहभागी हुने नागरिकहरुको प्रतिशत पनि बढ्दै गएको देखिन्छ । गरिव ७ प्रतिशत र धनी २४ प्रतिशत सहभागी हुने गरेका छन् (अनुसूची १: तालिका २.१) ।

२.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारीता

चित्र २.२ ले सार्वजनिक तथा राजनैतिक संस्थाहरुको इमान्दारीताप्रति नागरिकहरुको धारणालाई देखाइएको छ । सबभन्दा बढी आर्मीलाई (५४%) नागरिकहरुले अत्यन्त इमान्दार बताएका छन् । त्यसैगरी मिडिया (१७%), व्यापारी (१५%), अदालत (१३%), गैरसरकारी संस्था (१२%), नागरिक समाजका संगठनहरु (८%),उपभोक्त समूह (७%) र प्रहरी (६%) अत्यन्त इमान्दार बताएका छन् । तथापि यी सार्वजनिक तथा राजनैतिक संस्थाहरु केही मात्रामा इमान्दार बताउने नागरिकहरुको बाहुल्यता देखिन्छन् ।

चित्र २.२ सार्वजनिक तथा राजनैतिक संस्थाहरुको इमान्दारीता (संख्या=२१५८, % मा)



नोटः चित्रमा त्यति ईमान्दार छैनन्, विल्कुलै ईमान्दार छैनन् र थाहा छैन/भन्न सक्दिन समावेश गरिएको छैन ।

२.४ भ्रष्टाचार नियन्त्रण

समय समयमा राज्यबाट भ्रष्टाचार नियन्त्रणकालागि विभिन्न प्रयासहरु गर्दै आइरहेका छन तथापि दैनिक रुपमा मिडियाबाट आएका समाचारले नेपालमा व्यापक भ्रष्टाचार रहेको पुष्टी हुन्छ । करिव ५६ प्रतिशत नागरिकहरुले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ बताएका छन् । सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने बताउने नागरिकहरु २१ प्रतिशत रहेका छन् भने १६ प्रतिशत नागरिकहरुले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन बताएका छन् । गाउँपालिकाको भन्दा ४ प्रतिशत बढी नगरपालिकाको नागरिकहरुले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ बताएका छन् । महिलाहरुको (५४%) भन्दा बढी पुरुषहरु (५७%) सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ बताएका छन् । उमेर अनुसार हेर्दा सबभन्दा बढी १८-२४ (६३%) र सबभन्दा कम ४०-५९ (५३%) उमेर समूहका नागरिकहरुले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भन्ने पक्षमा विश्वस्त छन् । जाति अनुसार सबभन्दा बढी पहाडे जनजाती (६९%) र सबभन्दा कम पहाडे क्षेत्री ठकुरी (५०%) र नेवार (५०%) ले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भन्ने पक्षमा विश्वस्त छन् । पेशा अनुसार सबैभन्दा बढी ज्यालादारी (६४%) र सबभन्दा कम घरायसी काममा (५२%) संलग्न नागरिकहरु सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ बताएका छन् । शिक्षा अनुसार सबभन्दा कम उच्च शिक्षा (५०%) र सबभन्दा बढी माध्यमिक शिक्षा (६२%) प्राप्त गरेका नागरिकहरु सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ बताएका छन् । त्यसैगरी आर्थिक अवस्था बढ्दै जादा सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भन्ने नागरिकहरु प्रतिशत घट्दै गएको देखिन्छ । सबभन्दा कम धनी (४७%) र सबभन्दा बढी गरिव (५७%) ले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भन्ने पक्षमा विश्वस्त छन् (अनुसूची १: तालिका २.२) ।

२.५ सार्वजनिक तथा सरकारी सेवामा भ्रष्टाचार

सर्वजनिक सेवा लिँदा नागरिकहरु कानूनले तोकिएको बमोजिमभन्दा वढी रकम नतिर्नु पर्ने कानूनी प्रावधान छ । तथापि नागरिकहरुले सार्वजनिक सेवा बापत कानूनले तोकिएको भन्दा बढी रकम तिर्ने गरेको सुनिन्छ । चौध प्रतिशत नागरिकहरुले सार्वजनिक तथा सरकारी सेवा लिँदा घुस दिनुपरेका बताएका छन् । महिलाहरुको भन्दा ५ प्रतिशत बढी पुरुषहरु र नगरपालिकाको भन्दा २ प्रतिशत गाउँपालिकाको नागरिकहरुले सार्वजनिक तथा सरकारी सेवा लिँदा घुस दिनुपरेका बताएका छन् । सबभन्दा कम ६० र सो भन्दामाथिका (९%) र सबभन्दा बढी ४०-४९ (१७%) उमेर समूहका नागरिकहरुले घुस दिनुपरेका बताएका छन् । शिक्षाको स्तर बढ्दै जाँदा सार्वजनिक तथा सरकारी सेवा बापत घुस दिनुपरेका नागरिकहरुको प्रतिशत बढ्दै गएको देखिन्छ । सबभन्दा कम निरक्षर (१३%) र सबभन्दा बढी उच्च शिक्षा (२०%) प्राप्त गरेको नागरिकहरुले घुस दिएको देखिन्छ । जातजाति अनुसार सबभन्दा बढी तराईजात (१६%), मुसिलम (१५%) र दलित (१४%) ले घुस दिनुपरेका बताएका छन् । पेशा अनुसार सबभन्दा बढी व्यापार (२०%) र सबभन्दा कम घरायसी काममा (११%) संलग्न नागरिकहरुले घुस दिनुपरेका बताएका छन् । गरिबहरुको भन्दा बढी धनीहरुले सार्वजनिक सेवा बापत घुस दिनुपरेका बताएका छन् (अनुसूची १: तालिका २.३) ।

२.६ जवाफदेहिताको संयन्त्र

नागरिकहरुमा जवाफदेहिताको संयन्त्रको बारेमा कतिको जानकारी छ सो कुरालाई चित्र २.३ मा प्रस्तुत गरिएको छ। करिव ६१ प्रतिशत नागरिकहरुले सार्वजनिक सुनवाईको बारेमा न त सुनेका छन् न त देखेका छन् । सामाजिक परीक्षणका बारेमा ६५ प्रतिशत नागरिकहरुले सुनेका/देखेको छैन् । परियोजना सम्बन्धी जानकारीमूलक वोर्डको बारेमा ६९ प्रतिशत नागरिकहरुले सुनेका/देखेका छैन्। उपभोक्ता समितिको बारेमा सुनेको/देखेको छैन् भन्ने नागरिकहरु ५१ प्रतिशत रहेका छन् । विद्यालयमा हुने सामाजिक परीक्षणको बारेमा ४७ प्रतिशत नागरिकहरु सुनेको/देखेका छैन् । यी जवाफदेहिताको संयन्त्रहरुमा सहभागी हुने नागरिकहरु निकै नै कम देखिन्छन् ।

चित्र २.३ जवाफदेहिताको संयन्त्र (संख्या= २१५८, % मा)



२.७ सेवामा पहुँच

चित्र २.४ सेवाहरुमा जनताको पहुँच (संख्या=२१५८, % मा)



बाढी/पहिरो/भूकम्प/अन्य विपद्पछिको सुरक्षा तथा सहयोग, निशुल्क विद्यालय शिक्षा, निशुल्क आधार भूत सेवाहरु र सामाजिक सुरक्षा पहुँचप्रति नागरिकहरुको धारणालाई चित्र २.४ मा प्रस्तुत गरिएको छ। बाडि/पहिरो/भूकम्प जस्ता अन्य बिपद् पछिको सुरक्षा तथा सहयोगमा सरकारले समान रुपमा सेवा तथा सुविधा उपलव्ध गराइनेमा ४२ प्रतिशत नागरिकहरु पूर्ण तथा केही मात्रामा सहमत रहेका छन्। त्यसैगरी निशुल्क विद्यालय शिक्षा (९२%), सामाजिक सुरक्षा (८७%), निशुल्क आधारभूत स्वास्थ्य सेवा (८६%) र आधाभूत सेवा जस्तै खानेपानी, विद्युत (७५%) सेवा सुविधामा समान रुपमा उपलव्ध गराउनेमा पूर्ण तथा केही मात्रमा सहमत रहेका छन्।

२.८ सार्वजनिक स्थलमा हुने विभेद

सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, छुवाछुत तथा भेदभाव बिरुद्धको हक, शोषण विरूद्धको हक, महिलाको हक, दलितको हक, सामाजिक न्याय हक इत्यादीलाई नेपालको संविधान २०७२ ले मौलिक हकको रुपमा सुनिश्चित गरी भेदभाव हटाउने कानूनी प्रावधान गरेको छ। सार्वजनिक स्थल र सामाजमा हुने बिभिन्न विभेदको अवस्थाप्रति नागरिकहरुका धारणालाई चित्र २.५ मा देखाइएको छ। सरकारी कार्यालयमा धेरै मात्रामा विभेद हुने बताउने नागरिकहरु २२ प्रतिशत रहेका छन्। त्यस्तैगरी प्रहरी कार्यालयमा, छर/छिमेक/गाउटोलमा, दलितमाथि, सरकारी सार्वजनिक स्थान, महिला केटाकेटीहरु र शारीरिक अपांगता भएका व्यक्तिहरुमाथि विभेद भएको बताउने नागरिकहरु क्रमश: १८, १०, ९, ८, ५ र ३ प्रतिशत रहेका छन्। यी ठाउहरुमा केही मात्रमा हुने विभेद् बताउने नागरिकहरुको प्रतिशत बढी देखिन्छ।

चित्र २.५ सार्वजनिक स्थलमा जनताहरुमाथि हुने विभेद (संख्या=२१५८, % मा)



२.९ विभेदको अनुभव

नेपाल सरकारले विभेद उन्मुलन गर्ने विभिन्न नीति अवलम्वन गरे तापनि नागरिकहरुले विभेद अनुभव गर्ने गर्दछ। नागरिकहरुले विगत १२ महिनामा आँफू वा परिवारको सदस्यले विभेद अनुभव गरेको अवस्थालाई चित्र २.६ मा प्रस्तुत गरिएको छ। सबभन्दा बढी (३०%) नागरिकहरु आर्थिक आधारमा विभेद अनुभव गरेका छन्। त्यसैगरी राजनीतिक आबद्धताका आधारमा (२४%), जातिका आधारमा (२३%), क्षेत्रीय आधारमा (१९%), लैङ्गिक आधारमा (१५%), भाषाका आधारमा (११%), भूगोल/वासस्थानका आधारमा (८%) नागरिकहरुले बारम्बार तथा कहिलेकांही विभेदको अनुभव गरेका छन्। सबभन्दा कम (६%) शारीरिक अपांगताका आधारमा बारम्बार तथा कहिलेकही विभेदको अनुभव गरेका छन्।

चित्र २.६ नागरिकहरुमा विभेदको अनुभव (९संख्या=२१५८, % मा)



२.१० सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार

विगत ५ वर्षमा सार्वजनिक संस्थाहरुको व्यवहारमा आएको सुधारप्रति नागरिकहरुको धारणालाई चित्र २.७ मा प्रस्तुत गरिएको छ। नागरिकहरुले एक अर्कासंग गर्ने व्यहारमा सुधार आएका बताउने नागरिकहरु ७६ प्रतिशत रहेका छन्। त्यसैगरी सरकारी कर्मचारीहरुले नागरिकहरुप्रति गर्ने व्यवहार, स्थानीय प्रतिनिधिले नागरिकप्रति गर्ने व्यवहार, प्रहरीले नागरिकप्रति गर्ने व्यवहार, राजनीतिज्ञले नागरिकप्रति व्यवहार र अदालतले नागरिकप्रति गर्ने व्यवहार सुधार आएको बताउने नागरिकहरु क्रमशः ५५, ५४, ५१, ५१ र ४८ प्रतिशत रहेका छन्।

चित्र २.७ सार्वजनिक संस्थाहरुको व्यवहारमा आएको सुधार (संख्या=२१५८, % मा)



२.११ सुरक्षाको अनुभव

चित्र २.८ मा नागरिकहरुले विगत १२ महिनामा आँफै वा परिवारको सदस्यले अनुभव गरेको सुरक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ । शारीरिक रुपमा दुर्व्यवहार अनुभव कहिले पनि नगरेको बताउने नागरिकहरु ८९ प्रतिशत रहेका छन् । त्यसैगरी आँफू वा परिवारको सदस्यले आँफू बस्ने स्थानको वरिपरि एकलै हिडँडुल गर्दा असुरक्षित महसूस कहिल्यै पनि नगरेको बताउने नागरिकहरु ८२ प्रतिशत रहेका छन् भने आँफनो टोल छिमेकमा कुनै अपराध होला कि भन्ने डर कहिल्यै पनि अनुभव नगरेको नागरिकहरु ७६ प्रतिशत रहेका छन् । न्यायिक उपचारका लागि उजुरी गरेर न्याय नपाउने अवस्था नरहेको महसूस गरेको नागरिकहरु ६७ प्रतिशत रहेका छन् । बारम्बार र कहिलेकांही असुरक्षित अनुभव गरेको भन्दा कहिल्यै पनि असुरक्षित अनुभव नगरेको नागरिकहरुको प्रतिशत बढी नै रहेको देखिन्छ ।

चित्र २.८ नागरिकहरुको सुरक्षाको अनुभव (संख्या=२१५८, % मा)



परिच्छेद्

३ शासनको पूर्वाधार

३.१ मतदानमा सहभागिता

चुनावलाई प्रजातान्त्रिक शासनको महत्वपूर्ण आधारको रुपमा लिइन्छ। चुनावको मध्यमवाट नागरिकहरुले आफ्नो प्रतिनिधिहरुलाई सरकार चलाउने अधिकार प्रदान गर्दछ। नेपाल सरकारले हालै प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव सम्पन्न गरेका छन्। उक्त सम्पन्न भएको चुनावमा नागरिकहरुको सहभागितालाई हेर्दा मतदान नगरेको (६%) भन्दा मतदान गरेको (९४%) नागरिकहरु अत्यधिक रहेका छन्। पुरुषहरुको (९२%) भन्दा बढी महिलाहरुले (९७%) मतदान गरेका छन्। सबभन्दा कम १८-२४ (८४%) र सबभन्दा बढी ६० र सो भन्दामाथि (९७%) उमेरसमूहका नागरिकहरुले मतदान गरेका छन्। शिक्षाको अवस्था बढ्दै जाँदा मतदान गर्ने नागरिकहरुको प्रतिशत कम हुदै गएको देखिन्छ। सबभन्दा बढी निरक्षर (९७%) र सबभन्दा कम उच्च शिक्षा (७८%) प्राप्त गरेका नागरिकहरुले मतदान गरेका छन्। पेशाको अनुसार सबभन्दा बढी कृषि पेशामा (९८%) र सबभन्दा कम सेवा क्षेत्रमा (७५%) संलग्न नागरिकहरुले मतदान गरेका छन्। आर्थिक अवस्था बढ्दै जाँदा मतदान गर्ने नागरिकहरुको प्रतिशत घट्दै गएको देखिन्छ। सबभन्दा बढी गरिबहरु (९६%) र सबैभन्दा कम धनीहरु (९०%) ले मतदान गरेका छन् (अनुसूची १: तालिका ३.१)।

३.२ चुनावको गुणस्तरीयता

